# सिल्भर डायमिन फ्लोराइड (SDF) सम्बन्धी तथ्यहरू

VERMONT
DEPARTMENT OF HEALTH

## SDF ले एनेस्थेसिया, निडल वा ड्रिलिङबिनै दन्त सडन (किरा लागेको दाँत) को उपचार गर्छ ।

SDF भनेको ब्रस प्रयोग गरेर सडन भएको दाँतमा लगाउने सिल्भर र फ्लोराइड मिश्रित तरल पदार्थ हो । सिल्भरले दाँत सडाउने किटाणु (ब्याक्टेरिया) लाई मार्छ भने फ्लोराइडले दाँतलाई बलियो बनाउनमा मद्दत गर्छ । यसलाई सडन भएको दाँतमा धेरै पटक लगाइएको खण्डमा यसले राम्रोसँग काम गर्छ । SDF ले सबै किसिमको क्याभिटी (दाँतको प्वाल) मा काम नगर्न सक्छ र कहिलेकाहीँ दाँतसम्बन्धी थप उपचार आवश्यक पर्छ । American Dental Association (अमेरिकी दन्त चिकित्सा सङ्गठन) र American Academy of Pediatric Dentistry (अमेरिकी बाल दन्त चिकित्सा प्रतिष्ठान) दुवैले दन्त सडनका लागि उपचारको रूपमा SDF लाई सिफारिस गर्छन् ।

## SDF ले सडन भएको क्षेत्रलाई कालो बनाउँछ ।

जति बढी कालो हुन्छ त्यसको अर्थ SDF उपचारले किटाणुहरू मार्ने र दाँतको रक्षा गर्ने काम गरिरहेको छ भन्ने हुन्छ । आवश्यक परेको खण्डमा दन्त चिकित्सकले कालो भागलाई सेतो फिलिङ पदार्थले छोपिदिन सक्छन् । यसलाई SMART वा सिल्भर मोडिफाइड एट्रौम्याटिक (निडल वा ड्रिलिङ नचाहिने) रिस्टोरेटिभ टेक्निक भनिन्छ ।

## SDF जोकोही व्यक्तिमा प्रयोग गर्न सकिन्छ तर विशेष गरी निम्न व्यक्तिका लागि उपयोगी हुन सक्छ:

- **बालबालिका:** बालबालिकाको दाँतमा भएको क्याभिटी भर्नका लागि उनीहरूलाई नचलिकन बस्न गाह्रो हुन सक्छ, त्यसैले दाँतमा क्याभिटी भएका धेरै बालबालिकालाई उपचारका लागि अस्पतालको शल्यक्रिया कक्षमा बेहोस बनाएर (अर्थात् "एनेस्थेसिया दिएर") राख्नुपर्ने अवस्था आउँछ । SDF लगाउन निडल वा ड्रिलिङ नचाहिने भएकाले यो विधि प्रयोग गरिएका खण्डमा बालबालिकालाई शल्यक्रिया कक्षमा उपचार नचाहिन सक्छ ।
- **भर्मोन्टका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका मानिसहरू:** SDF सहायताप्राप्त जीवनयापन फसिलिटी, विद्यालय तथा सामुदायिक वातावरणहरूमा गएर लगाउन सकिन्छ । त्यसकारण दाँतको सडनको उपचारका लागि दन्त क्लिनिक वा अस्पताल नै जानुपर्ने बाध्यता हुँदैन र मानिसहरू बसोबास गर्ने ठाउँमै गएर उपचार गर्न सकिन्छ ।

## FDA ले SDF प्रयोग गर्ने स्वीकृति दिएको छ ।

अमेरिकी खाद्य तथा औषधि प्रशासन निकाय (Food and Drug Administration, FDA) ले सन् 2015 मा SDF प्रयोग गर्ने स्वीकृति दिएको थियो । FDA ले सन् 2017 मा SDF लाई दाँतको सडन हुने समस्या रोक्नका लागि "ब्रेकथ्रु थेरापीको दर्जा" दिएको थियो । हाल भर्मोन्टका केही दन्त सेवा प्रदायकहरू SDF प्रयोग गर्छन् । अन्य देशहरूमा SDF वर्षौंदेखि प्रयोग हुँदै आइरहेको छ ।

## Medicaid ले SDF को खर्च बेहोर्छ ।

Vermont Medicaid (कहिलेकाहीँ Green Mountain Care वा Dr. Dynasaur पनि भनिने) ले बालबालिका तथा वयस्कहरूका लागि SDF उपचारको खर्च बेहोर्छ ।

## सबैमा SDF प्रयोग गर्न नमिल्न सक्छ ।

निम्न अवस्थामा SDF प्रयोग गर्न सकिँदैन:

- तपाईंलाई सिल्भरदेखि एलर्जी हुन्छ
- तपाईंको मुखमा दुख्ने खटिराहरू वा पाकेका घाउहरू छन् ।

### यी दाँतहरूमा SDF प्रयोग गरेर उपचार गरिएको छ र सेतो फिलिङ लगाएर छोपिएको छ*




*सिल्भर मोडिफाइड एट्रौम्याटिक रिस्टोरेटिभ थेरापी (SMART) भनिने उपचार विधि ।

**हरेक वर्ष भर्मोन्टमा बसोबास गर्ने 6 वर्षमुनिका लगभग 400 बालबालिकालाई दाँतको सडनको समस्याको उपचार गर्न जनरल एनेस्थेसिया दिइन्छ ।** अपाङ्गता भएका मानिसहरूको पनि प्रायः यसरी नै उपचार गरिन्छ । सिल्भर डायमिन फ्लोराइड (SDF) भनेको दाँतको सडनको समस्या रोक्नमा मद्दत गर्ने र बालबालिका तथा वयस्कहरूलाई उपचारका लागि अस्पताल जानैपर्ने बाध्यताबाट छुटकारा दिन सक्ने एउटा सुरक्षित, सरल तथा प्रभावकारी वैकल्पिक उपचार हो ।

**थप जानकारीका लागि:**

Vermont Department of Health (भर्मोन्ट स्वास्थ्य विभाग), Office of Oral Health (मुखको स्वास्थ्यसम्बन्धी कार्यालय) — **VTOralhealth@vermont.gov**